२००८

**नेपाली**

समय - **१घण्टा १५ मिनट** पूर्णाङ्क - ५०

१. कुनै एउटा विषयमा लगभग ३०० शब्दमा निबन्ध लेख्नुहोस् - - १५

***(क) सहरिया जीवन।***

***(ख) आर्थिक मन्दी।***

***(ग) क्रिकेट खेलको लोकप्रियता।***

२. सरकारी अनुदानले देशका जनतालाई आत्म-निर्भर हुन सघाउनाको साटो सरकारको मुखापेक्षी नै बढी बनाउँदै लगिरहेछ भन्ने धारणाको विवेचना गर्दै आफ्नो साथीलाई एउटा पत्र लेख्नुहोस्। - ५

**अथवा**

आफू बसेको टोल र छिमेकमा असामाजिक तत्त्वहरूको बढ्दो रगरगी र त्यसो हुनाका कारणहरू उल्लेख गर्दै त्यस समस्याको निराकरण गर्न अनुरोध गरेर नगर निगमका मेयरलाई एउटा पत्र लेख्नुहोस्।

३. कुनै एउटाको भाव विस्तार गर्नुहोस् - - ५

***(क) देशभक्ति त मर्दैन चुत्थै देश भए पनि***
***पतिभक्ति त मर्दैन पापी पति भए पनि।***

***(ख) दरिद्र नाउँ नरमा छ कस्को ?***
***विशाल तृष्णा घरमा छ जस्को।***

४. उपयुक्त शब्द छानेर तलका खाली ठाउँमा राखी अर्थ-सङ्गति नबिगारीकन वाक्य पुरा गर्नुहोस् - - ५

***गोजेरो, पलौनी, टाट्नो, भकारो, घरपाला, दुधेरो, इष्ट, डढेलो, खर्क, बँधुवा***

————— पशुहरू मानिसका मित्र हुन्। यिनीहरू आफ्नो पालन पोषण गर्ने मान्छेका सदैव ———— हुन्छन्। त्यसकारण मान्छेले ती पशु चर्ने-डुल्ने ———— मास्नु हुँदैन। ———— लगाएर वन-जङ्गल स्वाहा पार्नु हुँदैन। आफ्ना पशु-पन्छीको देखरेख गर्न खटाइएका मानिसलाई उचित ———— दिनुपर्छ। ————— गाई-वस्तुलाई ——————मा डुबाएर राख्नु हुँदैन। भेडा-बाख्राका ————मा ठिक ठिक समयमा घाँस हालिदिनु पर्छ। गाई-भैंसीको —————— राम्ररी भरिए मात्र गोठालाको ————— भरिन्छ।

५. तलका वाक्यमा रहेका अशुद्धिहरू सँच्याएर लेख्नुहोस् - - ५

***तँपाइ बेलामा आई पुगेनौ। उँहाले आएर बैनीलाई लगे। भोली त्यस केटा फेरी आउनु होलान्। तँपाइ घर बस्तौन। मैले मात्रै कसरि कुरा साम्हल्नु सक्छु र ? मेरी बैनीहरू पनी आई पुगीनन्। बैनीहेरूले भ्याउँदिनन् अरे! भाउजूले भ्याउँथे होलीन। तँपाइ एक्लै जान् हन्छौ कि? विध्यार्थी पनी जान् हन्छन ?***

६. विपरीतार्थक शब्दहरू प्रयोग गरेर तलका वाक्यको उल्टाउनु होस् - -५

***सत्यमाथि असत्यको जीत कहिल्यै हुँदैन। नकारात्मक विचारले मानिसको स्वास्थ्यमा नराम्रो असर पार्दछ। संयमले मान्छेको शक्ति बढाउँछ। चञ्चल स्वभावको मान्छे दिगो हुँदैन। सोची विचारी सुस्तरी गरिएको कामले ढिलो तर राम्रो परिणाम ल्याउँछ।***

७. तलका वाग्धाराको अर्थ खोलिने गरी वाक्यमा प्रयोग गर्नुहोस् -

***आगो झोस्नु, अकास खस्नु, घुँडा धस्नु, चर पाउनु, झारा तिर्नु।***

८. तलका शब्दमा लागेका कृत् र तद्धित् प्रत्ययहरू छुट्ट्याएर चिनाउनु होस् - -५

***पढेको, डुलुवा, हँस्यौली, मगन्ते, मरुन्जेल, धुपौरो, नोकरी, बैंशालु, गाउँले, पछिल्लो।***

\OO/